कटहरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कटहरिया, रौतहट

२ नं प्रदेश,नेपाल

पत्र संख्या :- ०७६।०७७

चलानी नं. :- ९६५

प्राप्तपत्र संख्या र मिति :-

मिति :-२०७६।१।०९

विषय : - निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री नुरजहाँ खातुन ज्यू ।
संयोजक
राजस्व परामर्श समिति कटहरिया न.पा.

उपरोक्त सम्बन्धमा मिति २०७६/०१/०९ गतेको कार्यपालिका बैठकको निर्णयानुसार आ.व.२०७६/०७७ को वार्षिक योजना तथा कार्यक्रमका चरणहरु स्वीकृत भएको हुदा सो बमोजिम राजस्व परामर्श समितिको बैठक गर्न हुन आदेशानुसार अनुरोध छ। उक्त निर्णयको छायाकोपि यसै साथ संलग्न छ।

२०७६।१।०९
प्रमुख प्रशासकीय अधिकृत

छलफलका लागी पेश भएका प्रस्तावहरु

१. संस्थागत अनुदान सम्वन्धमा ।

२. आ.व.२०७६/०७७ को योजना तथा बजेट निर्माणका चरणहरुको कार्यतालिका सम्बन्धमा ।

३. कानुनि परामर्शदाता नियुक्ति गर्ने सम्वन्धमा ।

४. वडा कार्यालय ४ र ५ को घर भडा लिने सम्बन्धमा ।

५. अन्य निकायबाट आएको योजनाहरु सम्बन्धमा ।

निर्णय नं.१

कार्यपालिकाको बैठकको कार्य सुचिमा चढी निर्णयका लागि पेश भएको प्रस्ताव १ माथि छलफल गर्दा आ.व.२०७५/०७६ को नगर सभाबाट विनियोजित एफ.एम.लगायत सञ्चार संस्थालाई अनुदान २५,००,०००। लाख -अक्षरेपी पचिस लाख मात्र )अन्तर्गत एफ.एम.सञ्चालन गर्न श्री जनजागरण केन्द्र नेपाललाई अनुदान दिन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन सहित आदेश दिने निर्णय पारित गरियो ।

निर्णय नं. २

कार्यपालिकाको बैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्रस्ताव ३ आ.व.०७६ ०७७ लागि बजेट तथा योजना कार्यक्रम चरणहरुको कार्यतालिका निम्न बमोजिम हुने सर्वसहमतिबाट निर्णय गरियो ।

## २०७६/२०७७ को वार्षिक योजना तथा कार्यक्रमहरु(चरणहरु)

| क.स. | चरणहरु | समिति | स्थान | मिति |
|---|---|---|---|---|
| १. | राजस्व परामर्श समितिको बैठक | राजस्व परामर्श समिति | न.पा.कार्यालय | २०७६/०१/२० |
| २. | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | स्रोत अनुमान तथा बजेट सिमा निर्धाण समिति | ,, | २०७६/०२/१६ |
| ३. | वडा तहका योजनाको छनौट तथा प्राथमिकरण | | ,, | २०७६/२/१७ देखि ०७६/०२/२६ |
| ४. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | बजेट तथा कार्यक्रम तर्जुमा समिति | ,, | २०७६/०२/२७ |
| ५. | विषयगत समिति बैठक। विषयगत योजनाको प्राथमिकरण। | विषयगत योजनाको प्राथमिकरण | ,, | २०७६/०२/३० |
| ६. | वार्षिक बजेट तथा कार्यक्रम | | ,, | २०७६/०२/०१ |

| | | | | |
|---|---|---|---|---|
| | तर्जुमा | | | |
| ७. | नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत | | " | २०७६/०३/०५ |
| ८. | नगर सभा शुरु | | " | २०७६/०३/१० |

<u>निर्णय नं. ३</u>

कार्यपालिकाको बैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्रस्ताव ४ माथि छलफल गर्दा यस न.पा.को विभिन्न मुद्दा मामिला पैरवि लगायत अन्य कानुनी सरसल्लाह दिन श्री गणेश पाण्डे लाई परामर्शदातामा राख्ने प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन सहित आदेश दिने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

कार्यपालिकाको बैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्रस्ताव ५ माथि छलफल गर्दा यस कटहरिया न.पा.वडा नं.४ र ५ को वडा कार्यालय घर भाडामा लिने सर्वसहमतिबाट निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

कार्यपालिकाको बैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्रस्ताव ८ माथि छलफल गर्दा यस कटहरिया नगरपालिका अन्तर्गत विभिन्न निकायबाट आएको योजनाहरुको उ.स.गठन गर्न कार्यपालिका सदस्य रामप्रवेश साह सोनारलाई अधिकार सहित उपभोक्त समिति गठन गरी न.पा.कार्यालयमा सिफारिस गर्ने सर्वसहमतिबाट निर्णय गरियो ।